पाश्चात्य साहित्यका सशक्त प्रतिभा अरिस्टोटलको विरेचन सिद्धान्त एउटा महत्त्वपूर्ण साहित्यिक सिद्धान्त हो । यस सिद्धान्तले अरिस्टोटलको चिन्तनशील मस्तिष्क र क्रान्तद्रष्टा दृष्टिको परिचय दिन्छ । मूल ग्रीक शब्द 'क्यार्थर्सिस' को अंग्रेजी अनुवाद 'पर्गेसन' र नेपालीमा समानार्थी 'विरेचन' देखापर्दछ । ग्रीक परम्परामा औषधशास्त्रसँग सम्बन्धित विरेचनको अर्थ रेचक औषधीद्वारा शरीरभित्रका विकारहरूको निराकरण गरी शरीर व्यवस्था स्वस्थ र सुदृढ पार्नु हो । वैद्यपुत्र अरिस्टोटलले चिकित्सा प्रक्रियाबाट व्याख्यामा विरेचन शब्दलाई नयाँ तात्पर्य प्रदान गर्दै साहित्यमा आमन्त्रण गरेको देखिन्छ ।

प्रथमत: वैद्यपुत्र भएकाले अरिस्टोटल जुलाफ वा रेचकजस्ता औषधीद्वारा पेटका विकारहरू फालेर शरीरलाई शुद्ध पार्ने पद्धतिसँग बाल्यकालदेखि नै परिचित थिए । यसै शब्दलाई उनले नयाँ चिकित्सा पद्धतिद्वारा व्याख्या वा प्रयोग गरे । मानव मनभित्र रहेका अनेकौं कुण्ठा आदि विकारलाई दु:खान्त नाटकले हुँडलेर फ्याँकिदिन्छ भन्दै शारीरिक प्रक्रियासँग सम्बन्धित विरेचनलाई मानसिक प्रक्रियासँग जोडे । दोस्रो प्लेटो साहित्यले हाम्रा आवेगहरूलाई मलजल प्रदान गर्दछ र आवेगहरूको भरण-पोषण गर्दछ । अर्थात् आवेगले हामीलाई अनैतिकतातिर लैजान्छ तसर्थ आवेगलाई विवेकले थिच्नु पर्दछ भन्ने यसै आक्षेपसँग अरिस्टोटलको विरेचन सिद्धान्त सम्बन्धित छ । दु:खान्त नाटकले मानव मनका मानसिक विकारलाई विरेचित गर्दछ, फलत: आनन्द प्राप्त हुन्छ भन्ने अरिस्टोटलको तर्क छ । यिनै पृष्ठभूमिमा विरेचन सिद्धान्तको जन्म भएको हो ।

अरिस्टोटलका संक्षिप्त टिप्पणीलाई आधार मानी विरेचन शब्दलाई उत्तरवर्ती विद्वानहरूले विभिन्न अर्थमा अर्थ्याउने प्रयास गरेका छन् । विशेषत: निम्न तीन अर्थ प्रचलित छन्:

क) धार्मिक अर्थ,

ख) नैतिक अर्थ र

ग) कलात्मक अर्थ

**क) धार्मिक अर्थ–**

ग्रीक वाङ्मयका विशिष्ट विद्वान् व्याख्याता 'गिल्वर्ट मरे' ले यस अर्थलाई प्रस्तुत गरेका हुन् । 'दिओन्युसिस' देवतासँग सम्बन्धित उत्सवबाटै नाटकको प्रारम्भ भएको चर्चा गर्दै उनी यस उत्सवलाई विरेचनात्मक अथवा शुद्धिको प्रतीक ठान्दछन् । उनका अनुसार वर्षभरि गरिएका फोहर-मैला, पाप, मृत्युसँग एवं कल्मष इत्यादिको शुद्धिको प्रतीक थियो- 'दिओन्युसिस' । साथै ३६१ ई.पू. मा धार्मिक सन्दर्भमा रोममा महामारी आएका बेला त्यसबाट मुक्तिको आकाँक्षा र विश्वासले ग्रीक दु:खान्त सर्वप्रथम रोममा पुगेको चर्चा गर्दै यही ऐतिहासिक तथ्यबाट विरेचनको धार्मिक अर्थ हुन पुगेको स्वीकार्छन् । यस धारणालाई बढी जोड दिने विद्वान 'लिवि' हुन् ।

यसरी मरेका दृष्टिमा बाह्य उत्तेजना र अन्तमा त्यसको शमनद्वारा आत्मिक शुद्धि र शान्ति गर्नु विरेचनको अर्थ हुन्छ भने त्यसको तात्पर्य दुःखान्तले प्रदान गर्ने त्रास र करुण हुन जान्छ। अर्थात् दुःखान्तले त्रास र करुणालाई उत्तेजित पारेर पछि विरेचन प्रक्रियाद्वारा दर्शकको आत्मालाई शुद्ध र शान्त पार्दछ। तर धेरैजसो विद्वान्हरू वैद्यव्याख्या वा धार्मिक सन्दर्भले विरेचनको तात्पर्यलाई सीमित गरी 'आत्मिक पवित्रता मात्र मान्नुमा सत्यको आभाष भए पनि पूर्ण व्याख्या हुन नसकेको मान्दछन् र विरेचनलाई धार्मिकभन्दा दुःखान्त सन्दर्भमा फराकिलो देख्दछन्।

**ख) नैतिक अर्थ-**

जर्मन विद्वान 'बारनेज' ले सर्वप्रथम प्रतिपादन गरेको युरोपीय परम्परामा धेरै कालसम्म प्रचलित रहेको यस अर्थलाई कारनेयी र रेसीन जस्ता नवक्लासिकल विद्वानहरूले पनि मान्यता दिएका छन्। यो मूलतः मानसिक व्याख्या हो तापनि स्वास्थ्यको प्रतिपादन गर्ने भएकाले नैतिक अर्थका रूपमा यसको नामकरण भएको छ।

यस व्याख्याको मूल स्थापनाअनुसार मानवको मानसिकता अनेकौं मनोविकारहरूद्वारा आक्रान्त रहन्छ र त्रास (भय), करुण (शोक) जस्ता कटु मनोभावहरू पीडाप्रद रूपमा निहीत हुन्छन्। अनि दुःखान्तको रङ्गमञ्चमा अवास्तविक र निर्दोष तैपनि सशक्त रूपमा यी दुई कटु मनोभावहरूको अतिरञ्जनात्मक प्रस्तुतीकरणद्वारा दर्शकका मनमस्तिकद्वारा यी कटुमनोभावको दर्शनको निराकरण गरी मानसिक स्वस्थता प्रदान गर्दछ। संक्षेपमा भन्दा नीतिपरक व्याख्याका अनुसार विकारहरूको उत्तेजनाद्वारा शमन, अन्तवृर्त्तिका बीच सामञ्जस्य, मनको शान्ति एवं परिस्कृति विरेचनको अर्थ हो।

नीतिपरक अर्थ बढी मनोविज्ञानसँग सम्बन्धित छ। मनोविज्ञानको प्रर्याप्त विकास भैसकेकोले पनि यिनीहरू विरेचनको नैतिक व्याख्याको समर्थन गर्दछन्। प्रायशः कुण्ठित भएर अवचेतनमा रहेका हाम्रा मनोद्वेगहरूले नैतिक अर्थको पुष्टि गर्दछन्। मनोविज्ञान र मनोविश्लेषणसँग परिचित नभएर पनि मानव जीवन र कलाका मौलिक प्रश्नका सन्दर्भमा उनको सूक्ष्म र गम्भीर जानकारी भएकाले उनको मान्यता मानसिकताको नजिक रहेको छ। धेरै जसो विद्वान्हरू यही नैतिक वा मानसिक व्याख्यालाई नै प्रामाणिक साथै अरिस्टोटलको अभिप्रायको निकट रहेको ठान्दछन्।

**ग) कलात्मक अर्थ-**

यस अर्थको सङ्केत जर्मनका महाकवि 'गेटे'ले गरे पनि इङ्गल्याण्डका रोमाण्टिक कवि, आलोचनाहरूले औंल्याए पनि मूलतः अरिस्टोटलका गम्भीर व्याख्याता 'बुचर' नै यस अर्थका प्रमुख व्याख्याता हुन्। बुचरका दुष्टिमा मानसिक परिष्कार विरेचनको पूर्वार्द्ध भाग मात्र हो। उत्तरार्द्ध चाहिं कलात्मक परिष्कार हो। जब मन सन्तुलित र परिष्कार हुन्छ, त्रास-करुणजस्ता कटु मनोवेगको बसाइबाट मुक्त हुन्छन्। यो मनस्थिति कलात्मक आस्वादनका निम्ति उपयुक्त हुन सक्छ, त्यसैले विरेचन परिष्कृत मनले कलात्मक आश्वादनका निम्ति उपयुक्त हुन सक्छ।

त्यसकारण विरेचन परिष्कृत मनले कलात्मक आस्वादन वा परितुष्टि प्राप्त गर्दा आधा पूर्ण भै पूर्णतामा पुग्दछ । अतएव बुचरका धारणामा विरेचन मनको परिष्कार साथै कलात्मक आश्वादन पनि हो ।

उत्तरवर्ती विद्वान्हरूले विरेचनको सही अभिप्राय के हो ? अरिस्टोटलका लागि विरेचनको अभीष्ट अर्थ कुन हो ? भन्ने बारे विचारहरू व्यक्त गरेका छन् । अरिस्टोटलको विरेचन सिद्धान्त प्लेटोका आक्षेपहरूको प्रतिवाद (खण्डन) गर्ने क्रममा प्रस्तुत भएको थियो । कविताले वासनाको पोषण वा सिंचन गर्दछ भन्ने प्लेटोका आक्षेपको उनले विरेचन सिद्धान्तका माध्यमबाट प्रतिवाद गरे । त्यसैले विद्वान्हरू के सोच्छन् भने न्यूनाधिक रूपमा विरेचनसम्बन्धी तीनै अर्थ अरिस्टोटलले प्रयोग गरेको विरेचन शब्दमा अन्तर्निहित छन् । कतिपय विद्वान्हरू भन्छन्- विरेचन शब्दले बुचरले भनेझैं कलात्मक आश्वादन वा परितोषको भावात्मक पक्षलाई समेटेको छैन । त्यसैले गर्दा विरेचनको उपयुक्त धारणा नीतिपरक व्याख्या वा मनोवैज्ञानिक मान्यतासँग मिल्दोजुल्दो व्याख्या नै हो । अर्काथरी विद्वान्को धारणा छ- विरेचनभित्र कलाको आश्वादन वा कलात्मक परितोषको भावात्मक पक्षको सर्वथा अभाव छ भन्ने कुरा ठीक होइन । विद्वान्हरूका जे-जति मतमतान्तर, चिन्तन-मन्थनहरू भए पनि अरिस्टोटलको विरेचनसम्बन्धी स्वस्थता वा परिष्कारसम्म फैलिएको छ र नीतिपरक अर्थ नै अरिस्टोटलको विरेचनको तात्पर्यसँग नजिक छ भन्ने कुरा प्रष्ट छ ।

वास्तवमा विरेचन शब्द त्रास-करुणामा सीमित हुनु र कुनै विधामा संकीर्ण हुनुभन्दा मानसिक सामञ्जस्यताका रूपमा व्यापक हुनुपर्ने देखिन्छ । प्लेटोका उत्तरवर्तीका रूपमा अरिस्टोटल सीमाबद्ध भए पनि रिचर्डसले पुनर्व्याख्या र पुनर्मूल्याङ्कनका क्रममा विरेचनलाई व्यापकता दिंदै सम्पूर्ण साहित्यव्यापी रूपमा बसाइदिए, त्यसैले आजभन्दा करिब २५ सय वर्ष अगाडि प्रतिपादित यो सिद्धान्त महत्त्वपूर्ण र मननीय छ, यही यसको सफलता हो ।